"सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको"

मिति २०८३ बैशाख १ गतेदेखि असार मसान्त सम्मको

# स्वतः प्रकाशन

**(Proactive Discloser)**

**तमानखोला गाउँपालिका**


**गाउँ कार्यपालिकाको कार्यालय**

**बोंगादोभान, बागलुङ**

**गण्डकी प्रदेश, नेपाल**

## १. निकायको स्वरुप र प्रकृतिः

## तमानखोला गाउँपालिकाको संक्षिप्त परिचयः




स्रोतः स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्नेः गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## १.१ पृष्ठभूमी :

तमानखोला गाउँपालिकाको नामाकरण यस क्षेत्रकै ठूलो नदी तमानखोलाको नामबाट नामाकरण गरिएको हो । तमान बस्तीलाई आधार मानेर विगतमा तमान गा.वि.स. रहन गएको थियो । यस तमानखोला गाउँपालिका नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्नसंरचना हुंदा ७ प्रदेश र ७५३ स्थानीय तहमा विभाजन भए अनुसार यस तमानखोला गाउँपालिका बागलुङ जिल्ला, गण्डकी प्रदेशमा पर्दछ । नेपाल सरकारले मिति २०७३।११।२० को निर्णायानुसार देहाय बमोजिम साबिकका गा.वि.स. तमान, बोंङ्गादोभान र खुंखानी गरी ३ वटा गा.वि.स. कायम गरी यो गाउँपालिका बनेको हो।

यस तमानखोला गाउँपालिकामा १० कि.मि. कच्ची सडक ढोरपाटन न.पा. संग जोडिएको यस गाउँपालिकाको क्षेत्रफल १७८.०२ वर्ग कि.मि. रहेको छ । यस तमानखोला गाउँपालिकाको जनसंख्या २०७८ को जनगणना अनुसार ९,९८२ रहेको र घरधुरी संख्या २,६११ रहेको छ ।

## १.२ भौगोलिक र सिमाना स्थितिः

तमानखोला गाउँपालिका भौगोलिक हिसाबले समुन्द्री सतहबाट १,२३२ मिटरदेखि ३,८३६ मिटरसम्म उचाई रहेको छ । यस तमानखोला गाउँपालिकाको सिमाना पुर्वमा म्याग्दी जिल्ला, पश्चिममा ढोरपाटन सिकार आरक्ष, उत्तरमा धवलागिरी गाउँपालिका र दक्षिणमा ढो.न.पा-३ पर्दछ । गाउँपालिका ८३°१०' पुर्वी देशान्तर देखि ८३°१८' पुर्वी देशान्तरसम्म र २८°२१' उत्तरी अक्षांश देखि २८°३०' उत्तरी अक्षांशसम्म फैलिएको छ ।

## १.३ जलवायुः

समुन्द्र सतह देखि ३,८३६ मिटर उचाईमा रहेको तमानखोला गाउँपालिका क्षेत्रमा औषत तापक्रम आद्रतायुक्त जलवायु भएको पाइन्छ । यहाँ पुष, माघ महिनामा सबैभन्दा बढी जाडो हुने गरेको र सो समयमा यस पालिकाको सोलेडाँडा, नौडल्ले पहाड रमणीय सुन्दर ठाउमा हिउँले भरिएको हुन्छ र सो समयमा न्युनतम तापक्रम ० डिग्री सेल्सीयससम्म पुगेको छ भने बैशाख, जेष्ठ र आषाढ महिनामा २८ डिग्री सम्म पुग्ने गर्दछ साथै वर्षा वार्षिक औषत १५० मि.लि। सम्म हुने गरेको छ ।

## १.४ तमानखोला गाउँपालिका धार्मिक तथा ऐतिहासिक स्थान तथा संस्कृतिहरु :

- बराह थान ( वराह मन्दिर)
- भैरव थान
- देवी थान
- ओडान थान
- भुमे थान
- खड्ग थान
- देउतेनी थान
- शिव मन्दिर
- कोत घर
- लक्ष्मी मन्दिर
- धानपाती मण्डली
- मण्डली थान मन्दिर
- शोलेको डाँडा
- देउराली डाँडा, दोवारेको झरना
- अङकुत्ते देउराली
- नोडल्ले पहाड
- भित्री वन
- बराहताल
- झयाउरे नाच र सोरथी नाच
- राङगुली देउराली

## १.५ मुख्य नदी तथा खोलाहरु :

- तमानखोला
- बोङ्गाखोला
- स्याउलाखोला

## १.६ जातजातिः

यस पालिकाको जनसंख्या वि.सं.२०७८ को जनगणना अनुसार यस तमानखोला गाउँपालिकामा बसोबास गर्दै आएका मुख्य जातजातिहरुमध्ये अधिकाशं दलित र आदिवासी जनजातिको बसोबास रहको छ । प्रतिशतको हिसाबमा दलितको ५७.९%, जनजाति ३८.७%, ब्राह्मण र क्षेत्री २.९%, थकाली ०.१%, सन्यासी र दसनामी ०.१% र अन्य ०.४% रहेको छ । ब्राह्मण, क्षेत्री जातिको बसोबास वडा नं. २ को सिल्गुम क्षेत्र र केही मात्रामा वडा नं. १ मा बाहेक अन्य वडामा शुन्य रहेको छ ।

## १.७ मातृभाषा अनुसार जनसंख्याको संरचना :

तमानखोला गाउँपालिकामा बसोबास गर्ने बासिन्दाहरुको बोलीचालीको मूख्य भाषा नेपाली रहेको छ । यस क्षेत्रमा विभिन्न जातजातिको बसोबास रहेपनि बोलीचालीमा अहिले नेपाली भाषा बाहेक अन्य भाषा खासै प्रचलनमा रहेको तथ्यांक फेला पार्न सकिएको छैन । छन्त्याल र मगर भाषा जानेका केही जनसंख्या भने रहेको पाइएको छ जो समुदायमा सो भाषा जानेका बिच बोलचाल गर्ने गरेका छन् ।

वि.सं.२०७८ को जनगणना अनुसार यस तमानखोला गाउँपालिकामा महिला ५,३८९ र पुरुष ४,५९३ जनसंख्या गरी कुल जनसंख्या ९,९८२ रहेको छ । यस गाउँपालिकामा रहेका वडा संख्या, क्षेत्रफल एवं वडागत रुपमा जनसंख्याको विवरण तलको तालिका अनुसार रहेको छ ।

| वडा. नं | वडाको नाम | जनसंख्या | | | घरधुरी संख्या |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | वडा नं १ | १२६८ | १४०६ | २६७४ | ६९५ |
| २ | वडा नं २ | ११५८ | १४०५ | २५६३ | ६४१ |
| ३ | वडा नं ३ | ७२४ | ८८८ | १६१२ | ४२१ |
| ४ | वडा नं ४ | ४४२ | ५५१ | ९९३ | २७३ |
| ५ | वडा नं ५ | ६२१ | ७१५ | १३३६ | ३७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | **वडा नं ६** | ३८० | ४२४ | ८०४ | २०२ |
| | **जम्मा** | **४५९३** | **५३८९** | **९९८२** | **२६११** |

यस गाउँपालिकामा विभिन्न प्रकारका जडिबुटीहरु र ढुंगाको खानी भएको र यिनै प्राकृतिक साधन तथा श्रोतको उपयोग र पर्यटकीय तथा धार्मिक सम्पदा स्थलहरुको माध्यमवाट गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा ठुलो योगदान पुग्ने देखिन्छ ।

**<u>२. निकायको काम, कर्तव्य र अधिकार:</u>**

नेपालको संविधान, २०७२ को अनुसूची-८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकारको सूची बमोजिम तमानखोला गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने मुख्य मुख्य कार्यहरु:

- नगर प्रहरी व्यवस्थापन
- सहकारी संस्था व्यवस्थापन
- एफ. एम. सञ्चालन
- स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरंजन कर, मालपोत संकलन
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख संकलन
- स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु
- आधारभूत र माध्यमिक शिक्षा
- आधारभूत स्वास्थ्य र सरसफाई
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक, सिंचाई
- गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- घर जग्गा धनि पुर्जा वितरण
- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी
- ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्यांक संकलन
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण
- खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा
- विपद व्यवस्थापन

तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बोंगादोभान, बागलुङ २०७३

- जलाधार, वन्यजन्तु, खानि तथा खनिज पदार्थको संरक्षण
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

## ३. निकायमा रहने कर्मचारीहरुको विवरणः

### तमानखोला गाउँ कार्यपालिकाको कार्यालय एवं वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको विवरणः

| क्र.सं. | कर्मचारीको नाम थर | पद | श्रेणी/तह | मोबाइल नं. |
|---|---|---|---|---|
| १. | अमित परियार | प्रमुख प्रशासकीय अधिकृत | रा.प. तृतिय | ९८५७६७११११ |
| २. | सुरेश घिमिरे | इन्जिनियर | सातौं | ९८५११६४३९८ |
| ३. | बिरेन्द्र बहादुर कठायत | प्रशासकीय अधिकृत | सातौं | ९८६८१८००६८ |
| ४. | माधवी शर्मा | कृषि अधिकृत | सातौं | ९८६५२५८५३७ |
| ५. | प्रतिभा भण्डारी | प्रशासकीय अधिकृत | सातौं | ९८४६६४२०२९ |
| ६. | अनिल छन्त्याल थापा | सूचना प्रविधि अधिकृत | सातौं | ९८६७६९८९५२ |
| ७. | कान्ती पौडेल | जनस्वास्थ्य अधिकृत | सातौं | ९८४१३१९७६१ |
| ८. | निश्छल राज ढुङ्गाना | न्यायिक सहजकर्ता | सातौं | ९८४६८४१६६० |
| ९. | तिल बहादुर छन्त्याल | जन स्वास्थ्य निरीक्षक | छैटौं | ९८५७६२४७७४ |
| १०. | मुना विश्वकर्मा | सहायक प्रशासकीय अधिकृत | छैटौं | ९८४७७५३९२१ |
| ११. | दुर्गादत्त घिमिरे | सहायक प्रशासकीय अधिकृत | छैटौं | ९८४७३४७७०० |
| १२. | सुर्दशन कुसारी | सहायक लेखा अधिकृत | छैटौं | ९८५७६८११११ |
| १३. | नवीन मल्ल | प्राविधिक सहायक | पाचौं | ९८४६६२१६७७ |
| १४. | गीता शाह | सब-इन्जिनियर | पाचौं | ९८४४७५३८७१ |
| १५. | तुलाराम आचार्य | पशुसेवा प्राविधिक | पाचौं | ९८६९९५९०६० |
| १६. | अनु चपाई | वरिष्ठ प्रशासन सहायक | पाचौं | ९८६६१७१५३४ |
| १७. | दल बहादुर शाही | पशुस्वास्थ्य प्राविधिक | पाचौं | ९८५८०६४४४३ |
| १८. | थनी गाहा | सब-इन्जिनियर | पाचौं | ९८८४६८७६३७ |
| १९. | निरज शाही | मनोसामाजिक परामर्शकर्ता | पाचौं | ९८४३७१३०६६ |

| | | | | |
|---|---|---|---|---|
| २० | कमसरा सिउतानी मगर | एम. आई.एस. अपरेटर | पाचौं | ९८६४६९९१७७ |
| २१. | विकेश्वर प्रसाद यादव | अ.सब-इन्जिनियर | चौथो | ९८६३८६९३२३ |
| २२ | राजकुमार बोहरा | ना.प.स्वा.प्रा. | चौथो | ९८४८३३५१७५२ |
| २३ | प्रेम प्रसाद भण्डारी | प्रशासन सहायक चौथो | चौथो | ९८४१९४१६४७ |
| २४. | प्रदिप बुढा | असिस्टेन्ट सब-इन्जिनियर | चौथो | ९८६८१५५७३७ |
| २५. | हिमाली बुढा | असिस्टेन्ट सब-इन्जिनियर | चौथो | ९७६५३२१०५६ |
| २६. | प्रेम रावत | ना.प.से.प्रा. | चौथो | ९८४८३९५७१४ |
| २७. | हुकुम बहादुर थापा | प्रशासन सहायक | चौथो | ९८६३१२३३८९ |
| २८. | रुपेन्द्र खड्का | ना.प्रा.स. | चौथो | ९८६४३९४३५२ |
| २९. | गणेश अधिकारी | प्रशासन सहायक | चौथो | ९८६९९७३२१७ |
| ३०. | सन्तोष श्रेष्ठ | असिस्टेन्ट सब-इन्जिनियर | चौथो | ९८६९८५९८१९ |
| ३१. | टोपेन्द्र रेग्मी | अ.सब-इन्जिनियर | चौथो | ९७४६५३१०३७ |
| ३२ | लिला बुढाथोकी | ना.प्रा.स. | चौथो | ९८४५९५४५७८ |
| ३३ | याम कुमारी घर्ती | ना.प्रा.स. | चौथो | ९८०५२३८९८२ |
| ३४ | लालमाया घर्ती बुढाथोकी | उद्यम विकास सहजकर्ता | चौथो | ९८६७९२२०८० |
| ३५ | लाल तिरुवा | वैद्य | चौथो | ९८६९७४९६८६ |
| ३६ | देव कुमारी वि.क. | कार्यालय सहयोगी | गाउँपालिकाको कार्यालय | ९८०६१०२८७१ |
| ३७ | सचिन वि.क. | कार्यालय सहयोगी | गाउँपालिकाको कार्यालय | ९७४२३३२६६३ |
| ३८ | गुमबिर छन्त्याल | कार्यालय सहयोगी | गाउँपालिकाको कार्यालय | ९८६५०७०७५४ |
| ३९ | सरिता गोतामे | कार्यालय सहयोगी | १ नं. वडा कार्यालय | ९८६०१९२५४९ |

| | | | | |
|---|---|---|---|---|
| ४० | ममता सिर्पाली | कार्यालय सहयोगी | २ नं. वडा कार्यालय | ९७४५३७५४३९ |
| ४१ | मनिषा घर्ती | कार्यालय सहयोगी | ३ नं. वडा कार्यालय | ९८६७९४८३२५ |
| ४२ | दिलकुमारी सिर्पाली | कार्यालय सहयोगी | ४ नं. वडा कार्यालय | ९७४५९८२८५८ |
| ४३ | रोशन छन्त्याल | कार्यालय सहयोगी | ५ नं. वडा कार्यालय | ९८४६८९५८१६ |
| ४४ | तारा छन्त्याल | कार्यालय सहयोगी | ६ नं. वडा कार्यालय | ९८६७६८७६८१ |
| ४५ | ओम प्रसाद पुन | ह.सवारी चालक | सवारी चालक | ९८६७४६३४३७ |

**तमानखोला गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण**

| क्र.सं | स्वास्थ्य संस्थाको नाम | इन्चार्जको नाम थर | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | तमानखोला आधारभूत अस्पताल वडा नं. १ | डा. अनुराग अधिकारी | ९७६४५३१६२३ |
| २ | तमान स्वास्थ्य चौकी, वडा नं.-३ | विमला के.सी. | ९८६९७४८२२० |
| ३ | खुंखानी स्वास्थ्य चौकी, वडा नं.-५ | गरिमा हर्मेल | ९८६७६४६७०४ |
| ४ | लाम्मेला आधारभूत स्वास्थ्य सेवा केन्द्र,वडा नं.-४ | किसुनदेव साफी | ९८१५७६६९१२ |
| ५ | नर्जाखानी आधारभुत स्वास्थ्य सेवा केन्द्र,वडा नं.-६ | लक्ष्मी छन्त्याल | ९८४७७२६५२१ |
| ६ | नाबाङ आधारभूत स्वास्थ्य सेवा केन्द्र, वडा नं.-२ | हरि बहादुर छन्त्याल | ९८४२३७६८२३ |
| ७ | बोंगाखानी सामुदायिक स्वास्थ्य इकाई, वडा नं.-२ | सविना कुँवर | ९८६७३७४९०५ |
| ८ | सोम्मर प्राथमिक उपचार तथा परामर्श केन्द्र,वडा नं.-१ | अनिता घर्ती | ९८६७७०५५५४ |
| ९ | बज्रबाङ प्राथमिक उपचार तथा परामर्श केन्द्र,वडा नं.-१ | काजीमान पुनमगर | ९८४९००२१५३ |
| १० | शिल्गुम प्राथमिक उपचार तथा परामर्श केन्द्र,वडा नं.-२ | तनदेवी बुढा | ९८६७३५७२९७ |
| ११ | थासपुरी प्राथमिक उपचार तथा परामर्श केन्द्र,वडा नं.-५ | - | - |
| १२ | पहिरा सेन्नामा प्राथमिक उपचार तथा परामर्श केन्द्र, वडा नं.-३ | अनिता वि.क. | ९७६६५६३९९५ |
| १३ | हिले प्राथमिक उपचार तथा परामर्श केन्द्र, वडा नं.-३ | कल्पना झाक्री | ९८६९७९२६८० |

तमानखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बोंगादोभान, बागलुङ
२०७३

## तमानखोला गाउँपालिका अन्तरगत रहेका शैक्षिक संस्थाहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | प्र.अ.को नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | श्री जनता प्रा.वि. | तमानखोला गा.पा. १ | बालदेवि बुढा | ९८४२४१९२७४ |
| २ | श्री बुद्ध आधारभूत विद्यालय | तमानखोला गा.पा. १ | नन्द प्रसाद घर्ती | ९८६७६२०८४७ |
| ३ | श्री विद्या सागर प्रा.वि. | तमानखोला गा.पा. १ | बुद्धिसरा बुढा | ९८६७६२२९०० |
| ४ | श्री जनजागृति मा.वि. | तमानखोला गा.पा. १ | बेद बहादुर बुढा मगर | ९८४७६३७३५४ |
| ५ | श्री परमेश्वर प्रा.वि. | तमानखोला गा.पा. १ | भविसरा घर्ती बुढा | ९८६७६२०७१० |
| ६ | श्री जनमोति प्रा.वि. | तमानखोला गा.पा. १ | शर्मिला घर्ती | ९८६७६२०३४१ |
| ७ | श्री गोल्डेन लाईफ वोर्डिङ | तमानखोला गा.पा. १ | अनन्त मगर | ९७६५५९६६३४ |
| ८ | श्री भुमे प्रा.वि. | तमानखोला गा.पा. १ | रुनमाया घर्ती | ९८४९८१०९८७ |
| ९ | श्री मंगला आ.वि. | तमानखोला गा.पा. २ | लेख बहादुर छन्त्याल | ९८६९४३११०१ |
| १० | श्री सिल्गुम प्रा.वि. | तमानखोला गा.पा. २ | गगं बहादुर घर्ती | ९८०४४११३११ |
| ११ | श्री जनज्योति आ.वि. | तमानखोला गा.पा. २ | भविन्द्र पुन | ९८६७६१९९०७ |
| १२ | श्री खोलेस्वाङ आ.वि. | तमानखोला गा.पा. २ | कुल बहादुर घर्ती | ९८६७६८६७४२ |
| १३ | श्री किरी प्रा.वि. | तमानखोला गा.पा. ३ | दिपा अर्गेजा | ९८६७६२१८२२ |
| १४ | श्री हिले प्रा.वि. | तमानखोला गा.पा. ३ | आसबहादुर छन्त्याल | ९८६९२८०१५३ |
| १५ | श्री धनगौ ज्योति मा.वि. | तमानखोला गा.पा. ३ | तेजेन्द्र घर्ती | ९८५७६६४६०० |
| १६ | श्री हिलसाइड ई.बो.स्कुल | तमानखोला गा.पा. ३ | चन्द्र प्रकाश बुढा | ९८४७७८४७७४ |
| १७ | श्री सरस्वती आ.वि. | तमानखोला गा.पा. ४ | रोहित बुढा मगर | ९८५७६२७६६५ |
| १८ | श्री भगवती प्रा.वि. | तमानखोला गा.पा. ५ | नन्दकली घर्ती | ९८४३६७२५४४ |
| १९ | श्री शान्ति मा.वि. | तमानखोला गा.पा. ५ | सत्यनारायण सिंह | ९८४८२२१७८५ |
| २० | श्री देउराली प्रा.वि. | तमानखोला गा.पा. ५ | तीलकुमारी छन्त्याल | ९८६७८५२५६० |
| २१ | श्री विष्णु आ.वि. | तमानखोला गा.पा. ६ | ओम प्रसाद छन्त्याल | ९८६७६३५०७७ |
| २२ | श्री मालिका प्रा.वि. | तमानखोला गा.पा. ६ | रोम बहादुर छन्त्याल | ९८६७६३५२५१ |
| २३ | श्री डिल्ली प्रा.वि. | तमानखोला गा.पा. ६ | मकर बहादुर छन्त्याल | ९८४६८०६९२६ |

## तमानखोला गाउँपालिका गाउँ सभाका सदस्यहरुको विवरणः

| क्र.सं. | नामथर | पद | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|
| १. | जोकलाल बुढा | अध्यक्ष | तमानखोला गा.पा.३ | ९८५७६२१२१९ |
| २. | हिरा कुमारी छन्त्याल | उपाध्यक्ष | तमानखोला गा.पा.५ | ९८६७६४३७९९ |
| ३. | थम बहादुर रोका | वडा अध्यक्ष | तमानखोला गा.पा.१ | ९८६७६१८१२३ |
| ४. | केशरी मगर पुन | महिला सदस्य | तमानखोला गा.पा.१ | ९८४३७०७४२७ |
| ५. | देवसरा वि.क. | कार्यपालिका सदस्य | तमानखोला गा.पा.१ | ९८४६८५४३३८ |
| ६ | टेक लाल विश्वकर्मा | सदस्य | तमानखोला गा.पा.१ | ९८४९५४९५८० |
| ७. | नारायण सुनार | वडा अध्यक्ष | तमानखोला गा.पा.२ | ९८६०१८७८७७ |
| ८. | दाल माया घर्ती मगर | महिला सदस्य | तमानखोला गा.पा.२ | ९८६०५४८१०९ |
| ९. | प्रेम कुमारी रसाइली | दलित महिला सदस्य | तमानखोला गा.पा.२ | ९७४८४०८६८९ |
| १०. | तम बहादुर वि.क | सदस्य | तमानखोला गा.पा.२ | ९८६१४५५३८३ |
| ११. | पूर्ण बहादुर बोहोरा | सदस्य | तमानखोला गा.पा.२ | ९८४९२२४३०३ |
| १२. | झक बहादुर बुढा | वडा अध्यक्ष | तमानखोला गा.पा.३ | ९८५७६२०५९८ |
| १३. | मन कुमारी बुढाथोकी | कार्यपालिका सदस्य | तमानखोला गा.पा.३ | ९८६७६९९९८३ |
| १४. | मन माया रसाइली | दलित महिला सदस्य | तमानखोला गा.पा.३ | ९८६६६२५८९२ |
| १५. | गोर्ख बहादुर घर्ति | सदस्य | तमानखोला गा.पा.३ | ९८६५०५४८८० |
| १६. | अनिष श्रीपाली | सदस्य | तमानखोला गा.पा.३ | ९८४६८७५०१६ |
| १७. | छ प्रसाद श्रीपाली | वडा अध्यक्ष | तमानखोला गा.पा.४ | ९८६६०९९९०१ |
| १८. | नरमाया सिर्पाली | महिला सदस्य | तमानखोला गा.पा.४ | ९८६७९२११४४ |
| १९. | दल कुमारी श्रीपाली | दलित महिला सदस्य | तमानखोला गा.पा.४ | ९८६६०२५२११ |
| २०. | यम बहादुर वि.क | सदस्य | तमानखोला गा.पा.४ | ९८६९९४२२५१ |
| २१. | देम्मरे हर्मेल | सदस्य | तमानखोला गा.पा.४ | ९८६११८३११२ |
| २२. | हिरा बहादुर वि.क | वडा अध्यक्ष | तमानखोला गा.पा.५ | ९८६०६५७१६१ |
| २३. | भिम कुमारी छन्त्याल | कार्यपालिका सदस्य | तमानखोला गा.पा.५ | ९८४०५२९७६६ |
| २४. | चेतना सिर्पाली | दलित महिला सदस्य | तमानखोला गा.पा.५ | ९८६०२६४५७९ |
| २५. | सोम बहादुर वि.क | सदस्य | तमानखोला गा.पा.५ | ९८६७६८०९९९ |
| २६. | मोती प्रसाद वि.क | सदस्य | तमानखोला गा.पा.५ | ९८६७४६३३४० |
| २७. | चित्र बहादुर छन्त्याल | वडा अध्यक्ष | तमानखोला गा.पा.६ | ९८६७६९२७९३ |

| | | | | |
|---|---|---|---|---|
| २८. | थम कुमारी छन्त्याल | महिला सदस्य | तमानखोला गा.पा.६ | ९८६०१३८७६४ |
| २९. | मिना कु. कामी | कार्यपालिका सदस्य | तमानखोला गा.पा.६ | ९८४६८३१०९३ |
| ३०. | टोप बहादुर छन्त्याल | सदस्य | तमानखोला गा.पा.६ | ९८६६१३९८६७ |
| ३१. | उदिम सिर्पाली | सदस्य | तमानखोला गा.पा.६ | ९८६७३६१०८२ |
| ३२. | हिक्मत जक्तपुरी | कार्यपालिका सदस्य | तमानखोला गा.पा.१ | ९८५७६६३३६७ |
| ३३. | ढालेन्द्र छन्त्याल | कार्यपालिका सदस्य | तमानखोला गा.पा.२ | ९८४३६७८३१३ |

<u>तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाका सदस्यहरुको विवरणः</u>

| क्र.सं. | नामथर | पद | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|
| १. | जोकलाल बुढा | अध्यक्ष | तमानखोला गा.पा.३ | ९८५७६२१२१९ |
| २. | हिरा कुमारी छन्त्याल | सदस्य | तमानखोला गा.पा.५ | ९८६७६४३७९९ |
| ३. | थम बहादुर रोका | सदस्य | तमानखोला गा.पा.१ | ९८६७६१८१२३ |
| ४. | देवसरा वि.क. | सदस्य | तमानखोला गा.पा.१ | ९८४६७५४३३८ |
| ५. | हिक्मत जक्तपुरी | सदस्य | तमानखोला गा.पा.१ | ९८५७६६३३६७ |
| ६. | नारायण सुनार | सदस्य | तमानखोला गा.पा.२ | ९८६०१८७८७७ |
| ७. | ढालेन्द्र छन्त्याल | सदस्य | तमानखोला गा.पा.२ | ९८४३६७८३१३ |
| ८. | झक बहादुर बुढा | सदस्य | तमानखोला गा.पा.३ | ९८५७६२०५९८ |
| ९. | मन कुमारी बुढाथोकी | सदस्य | तमानखोला गा.पा.३ | ९८६७६९९९८३ |
| १०. | छ प्रसाद श्रीपाली | सदस्य | तमानखोला गा.पा.४ | ९८६६०९९९०१ |
| ११. | हिरा बहादुर वि.क. | सदस्य | तमानखोला गा.पा.५ | ९८६०६५७१६१ |
| १२. | भिम कुमारी छन्त्याल | सदस्य | तमानखोला गा.पा.५ | ९८४०५२९७६६ |
| १३. | चित्र बहादुर छन्त्याल | सदस्य | तमानखोला गा.पा.६ | ९८६७६९२७९३ |
| १४. | मिना कुमारी कामी | सदस्य | तमानखोला गा.पा.६ | ९८४६८३१०९३ |
| १५ | अमित परियार | सदस्य-सचिव | बडिगाड गा.पा., बागलुङ | ९८५७६७११११ |

तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बोंगादोभान, बागलुङ २०७३

<u>४. निकायबाट प्रदान गरिने सेवाहरु :</u>

नेपालको संविधान,२०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघीय र गण्डकी प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु

एवं गाउँपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत), तमानखोला गाउँपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ।

## ५. सेवा प्रदान गरिने निकायको शाखा र जिम्मेवार अधिकारी :

यस गाउँपालिकाबाट सेवाप्रवाह गर्न विभिन्न शाखाहरु, ६ वटा वडा कार्यालयहरु रहेका छन् । गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र अन्य कर्मचारीहरुको विवरण तमानखोला गाउँपालिकाको वेबसाइट www.tamankholamun.gov.np मा उल्लेख गरिएको छ ।

## ६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि :

यस गाउँपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समायवधी विवरण तमानखोला गाउँपालिकाले हरेक आर्थिक वर्षका लागि गाउँ सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय कानुनबाट समेतबाट निर्धारण गरिन्छ। तमानखोला गाउँपालिकाको वेबसाइट www.tamankholamun.gov.np मा समेत उल्लेख गरिएको छ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

यस गाउँपालिकाको गाउँ सभा, गाउँ कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही तालुक मन्त्रालयको निर्देशन परिपत्रहरुको अधिनमा रही अध्क्षा, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नको लागि गाउँपालिकाकोसंगठन संरचना अनुसारको पदिय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । गाउँपालिकाको नितिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाइ निरन्तर अनुगमन नियन्त्रण गर्ने कार्य गाउँ सभा र गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, अनुगमन तथा मूल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

यस गाउँपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि गुनासो सुन्ने अधिकारीको रुपमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री अमित परियारलाई तोकिएको छ ।

## ९. आ.व. २०८२/०८३ को चौथो त्रैमासिक सम्म सम्पादन भएका मुख्य मुख्य कार्यहरुः

### प्रशासन तथा योजना शाखाः

### प्रशासनतर्फः

- हालसम्म जम्मा १३० व्यवसाय दर्ता भएकोमा यो आ.व. मा हालसम्म १६ वटा नयाँ व्यवसाय दर्ता भएको तथा ६२ वटा नवीकरण भएको,
- हालसम्म जम्मा ४१ संस्था दर्ता भएकोमा यो आ.व. मा हालसम्म १२ वटा नयाँ संस्था दर्ता भएको तथा १४ वटा नवीकरण भएको,
- यो आ.व. मा प्रदेश लोकसेवा आयोग, पोखराबाट तामानखोला गाउँपालिकामा स्थायी नियुक्तिका सिफारिस भएका विभिन्न १४ पदमा नयाँ कर्मचारीलाई स्थायी नियुक्ति गरिएको तथा विभिन्न सेवा समूहमा रिक्त रहेका ९ पद करार सेवामा कर्मचारी पदपूर्ति गरिएको ।
- गाउँपालिकाबाट हुने सेवा प्रवाहलाई थप व्यवस्थित बनाउन उदेश्यले गाउँपालिकाको आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टताका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) सम्पन्न गरी गाउँ सभाबाट पारित गरिएको।
- गाउँपालिकाको कार्यसम्पादन स्तरलाई अभिवृद्धि गर्नको लागि गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु र कर्मचारीहरुको लागि क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिएको,
- प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई स्थायी नियुक्ति लिएका हाल तमानखोला गाउँपालिकाको कार्यालयमा कार्यरत २४ जना स्थायी कर्मचारीहरुको प्रदेश निजामती किताबखानामा कर्मचारी संकेत नम्बर (सिटरोल) दर्ता गराइएको ।
- तमानखोला गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति, योजना, कार्यक्रम तथा बजेटमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्य सम्पन्न गरिएको,
- तमानखोला गाउँपालिकामा रहेका ६ वटा स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण सम्पन्न गरिएको ।
- गाउँपालिकामा रहेका मेलमिलापकर्हरुलाई पुनर्ताजकी तालिम सञ्चालन गरिएको । न्यायिक समितिको इजलास व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरिएको ।
- तमानखोला गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्य सम्पन्न गरिएको।

## योजना तथा अनुगमन तर्फः

**जम्मा योजनाहरुः १३९**

- ठेक्का प्रक्रियाबाट कार्यान्वयन भएका जम्मा योजनाहरुः ९ (सम्पन्न भएका-७, सम्पन्न हुन नसकेको-१, सुविस्ताका आधारमा सम्झौता अन्त्य गरिएको १)
- कोटेसन मार्फत कार्यान्वयन भएका जम्मा योजनाहरुः १५(सबै सम्पन्न)
- उपभोक्ता समिति मार्फत सञ्चालन गर्नुपर्ने जम्मा योजनाहरुः ११५ (सम्पन्न भएका १०६, सम्झौता नभएका-८, सम्झौता भई कार्य सम्पादन गर्न नसकी पेस्की फिर्ता-१)
- ५ लाख भन्दा कम लागत अनुमान भएका आयोजनाहरु सम्बन्धित वडा स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट र ५ लाख भन्दा बढी लागत अनुमान भएका आयोजनाहरु गाउँपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट निरन्तर अनुगमन गरि प्रतिवेदन पेस गरेको,
- तमानखोला गाउँपालिकाको बोंगादोभान-बोंगाखानी-ढोरपाटन सडकको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएको ।

## राजस्व संकलन विवरणः

आ.व. २०८२/०८३ को असार २६ गतेसम्म संकलित राजस्व विवरणः

| क्र.सं. | कार्यालय | संकलित राजस्व | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १ | ६५३४४७.०१ | |
| २ | वडा नं. २ | ६३७७८१.९३ | |
| ३ | वडा नं. ३ | ४६१२२४.६२ | |
| ४ | वडा नं. ४ | २१८१३९.५२ | |
| ५ | वडा नं. ५ | ३८७७८८.२७ | |
| ६ | वडा नं. ६ | ३९७७०७.१५ | |
| ७ | गाउँपालिकाको कार्यालय | ५८७९९०.४५ | |
| | जम्मा | ३३४४०७८.७५ | |

## पूर्वाधार विकास  शाखाः

- भौतिक पूर्वाधार निर्माण तर्फ आ.व. २०८२/०८३ मा १०,५३३ मिटर सडकको नयाँ ट्र्याक निर्माण गरिएको, ७७६२.२७ मिटर गोरेटोबाटो निर्माण तथा स्तरोन्नति गरिएको, ५६९ मिटर नाली निर्माण गरिएको,
- वर्षाको समयमा निर्वाध यातायातका लागि घट्टबोट, नुन्थलाघाट, शेर्माघाट लगायतका विभिन्न घाटमा ६ वटा कल्भर्ट निर्माण सम्पन्न गरिएको,
- बोंगादोभान-बोंगाखानी-ढोरपाटन सडकको केही भाग ढलान तथा पक्की नाली व्यवस्थापनसहित स्तरोन्नतिको कार्य निरन्तर रहेको,
- गाउँपालिकाको प्रशासकीय भवन, वडा नं. ३ र ६ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएको । वडा नं. १ रिक्लाङ स्थित जनता प्रा वि को ४ कोठे भवन र शौचालय निर्माण सम्पन्न ।
- गाउँपालिकाको वडा नं. ४ र अन्य केही स्थानमा रहेको खानेपानीको समस्यालाई न्यूनीकरण गर्नका लागि ७६ वटा खानेपानी धारा निर्माण गरिएको । ५ वटा खानेपानी ट्यांकी निर्माण गरिएको,
- ४ वटा सार्वजनिक ट्रस तथा भवन निर्माण गरिएको, २ वटा भवन मर्मत गरिएको, ११ वटा विद्यालयमा मर्मत तथा व्यवस्थापन सम्बन्धी कार्य गरिएको ।

## शिक्षा, युवा तथा खेलकुद शाखाः

- खेलकुद क्षेत्रको प्रवर्द्धन गर्दै विद्यालयमा अध्ययनरत विद्यार्थी तथा युवाहरुको खेलकुद प्रतिभा प्रस्फुटन गर्ने उदेश्यले तमानखोला गाउँपालिका कप सञ्चालान गरिएको छ । उक्त खेलकुद कार्यक्रममा ८ वटा प्रतियोगिता सञ्चालन भएकोमा गाउँपालिकामा सञ्चालनमा रहेका १७ विद्यालय र २३८ जना खेलाडीको सहभागिता रहेको थियो ।
- विद्यालयको शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई थप व्यवस्थित बनाउन सहयोग गर्ने उदेश्यले शिक्षकहरुका लागि २ दिने EMIS सम्बन्धी तालिम सञ्चालन गरिएको ।
- बालबालिकाहरुको प्रतिभा प्रष्फुटन गर्ने र एक आपसमा प्रतिष्पर्धाको वातावरण सिर्जना गर्ने उदेश्यले सञ्चालन गरिएको विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप कार्यक्रममा विभिन्न ५ वटा विधामा ३०३ जना विद्यार्थहरुबीच प्रतिष्पर्धा गराईएको छ ।
- उच्च शिक्षा छात्रवृत्ति सहयोग कार्यक्रम अन्तर्गत १ जनालाई छात्रवृति उपलब्ध गराइएको।
- ६५ जना विद्यार्थीहरुलाई गरिव तथा जेहेन्दार छात्रवृत्ति वितरण गरिएको ।
- स्थानीय पाठ्यपुस्तक संशोधन तथा परिमार्जन गरी वितरण गरिएको ।

- गाउँपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयका सम्पूर्ण प्रध्यानाध्यापक तथा बाल विकास सहजकर्तालाई शिक्षक झोला तथा सम्पूर्ण विद्यालयमा विद्यार्थी होमओर्क डायरी वितरण गरिएको।
- प्रविधिमैत्री शिक्षण सिकाइ कार्यक्रम अन्तर्गत गाउँपालिकामा सञ्चालित सामुदायिक आधारभूत तहमा विद्यालयहरुमा प्रविधिमैत्री शिक्षण सिकाई सामग्रीहरु (प्रोजेक्टर र ल्यापटप ) तथा माध्यमिक तहका विद्यालयहरुमा (स्मार्ट बोर्ड, ल्यापटप, डेस्कटप र प्रोजेक्टर) वितरण गरी अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम सञ्चालन गरिएको । गाउँपालिका अन्तर्गत कक्षा-८ सम्म सञ्चालित आधारभूत विद्यालयहरुमा इन्टरनेट जडान गरिएको ।

**स्वास्थ्य शाखाः**

- तमानखोला आधारभूत अस्पतालमा डिजिटल एक्सरे सेवा सुचारु गरिएको,
- गाउँपालिकाका सबै वडाहरु र गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा गरिएको,
- धवलागिरी आयुर्वेदिक अस्पताल बागलुङ र बुर्तिबाङ अस्पतालको प्राविधिक सहयोगमा तमान स्वास्थ्य चौकीमा स्वास्थ्य शिविर तथा नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिएको,
- धवलागिरी प्रादेशिक अस्पताल बागलुङको प्राविधिक सहयोगमा तमानखोला गाउँपालिकाका १३ जना स्वास्थ्यकर्मीलाई आधारभूत जीवन रक्षा तथा प्राथमिक ट्रमा व्यवस्थापन सम्बन्धी ३ दिने तालिम सञ्चालन गरिएको
- समुदायस्तरमा गई गाउँपालिकामा रहेका ५ वर्षमुनीका सबै बालबालिकाहरुको पोषण लेखाजोखा गरिएको,
- खुंखानी स्वास्थ्यचौकी र तमान स्वास्थ्य चौकीको न्यूनतम सेवा मापदण्ड लेखाजोखा गरिएको,
- CBIMNCI कार्यक्रमको खुंखानी स्वास्थ्य चौकीमा स्थलगत अनुशिक्षण कार्यक्रम सम्पन्न भएको।
- नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरी आयुर्वेदिक उपचारका निःशुल्क औषधी वितरण गरिएको,
- मनोसामाजिक परामर्शकर्ता मार्फत हालसम्म १७ जना बिरामीहरुलाई उनीहरुको घरमा पुगेर मनोसामाजिक परामर्श प्रदान गरिएको तथा विद्यालयस्तरमा २ पटक मनोसामाजिक परामर्श सेवा प्रदान गरिएको ।

तमानखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बोहोरागाउँ(?) भान, बागलुङ २०७३

## विपद् व्यवस्थापन शाखाः

- तमानखोला आधारभूत अस्पतालमा आकस्मिक मेडिकल उद्धारका सामाग्री व्यवस्थापन गरिएको
- विपद् जोखिमयुक्त ११ वटा स्थानमा जम्मा १६३ वटा ग्याविन जाली राखिएको ।
- रसुवा र म्याग्दीको बाढि पहिरोमा परि मृत्यू भएका तमानखोलाबासी २ जना मृतकको परिवारलाई प्रति परिवार २ लाखको दरले राहत वितरण गरी सोधभर्ना माग गरिएको ।
- २ घर पुन निर्माण र ३ घर प्रवलिकरण गरी जम्मा ५ घरलाई लाभग्राही पहिचान गरी कायम गर्न सिफारिस गरिएको ।

## पशुसेवा शाखा

- पशु सेवा शाखामा हालसम्म दर्ता भएका जम्मा ११८ व्यवसायमध्ये ८२ वटाको नवीकरण भएको,
- पशु सेवा शाखाबाट पशुजन्य औषधी लिनेको संख्या ३४५० जना तथा १९१ जनाको घरमै पुगेर निःशुल्क पशु स्वास्थ्य सम्बन्धी उपचार गरिएको,
- २६२ जना हलगोरु पाल्ने कृषकहरुलाई रु. ५०००।- का दरले जम्मा रु १३ लाख १० हजार नगद प्रोत्साहन उपलब्ध गराइएको,
- घुम्ति गोठ पशुपालक कृषकहरु लाई ७५ प्रतिशत अनुदानमा ७० वटा त्रिपाल र ३० सेट सोलार वितरण गरिएको,
- गाउँपालिका भित्रका २३ जना पशुपालक कृषकहरुलाई रु. २ लाख ५ हजार उत्पादनमा आधारित अनुदान वितरण गरिएको,
- डेरी उद्योग संचालन गर्न तमानखोला गाउँपालिका २ स्थीत श्री किरिस्न कृषि पशु पन्छी तथा फलफुल बगानसँग सम्झौता गरी आवश्यक सामाग्री खरिदमा अनुदान उपलब्ध गराइएको,
- गाई/भैसि प्रवर्द्धन कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका ३ वटा कृषि तथा पशुपालन फर्मलाई अनुदान उपलब्ध गराइएको,
- पशुमा पुर्णखोप कार्यक्रम अन्तर्गत तमानखोला गाउँपालिका भित्रका १०,५४४ पशुहरु लाई विभिन्न संक्रामक रोग विरुद्ध खोप लगाइएको ।

## कृषि विकास शाखाः

- माटोको अवस्था अनुसार उपयुक्त बाली तथा मल व्यवस्थापन प्रविधि सिफारिस गरी वैज्ञानिक कृषि प्रणाली विकासमा सहयोग पुर्याउन र कृषकलाई स्थानीय स्तरमै माटो परीक्षण सेवा

उपलब्ध गराउन माटो परीक्षण प्रयोगशाला सञ्चालनका लागि आवश्यक उपकरण, रसायन तथा सामग्री खरिद गरिएको छ।

- कृषिमा आधुनिकीकरण तथा यान्त्रीकरण प्रवर्द्धन गर्दै उत्पादन लागत न्यूनीकरणको लागि ५० प्रतिशत अनुदानमा ५ वटा कृषि फर्महरुलाई कम्बाइन मिल, वडा नं. ६ का कृषकहरूलाई १ थान मिनीटिलर तथा १,७७६ मिटर पाइप अनुदानमा वितरण गरिएको छ।
- गुणस्तरीय तथा प्रमाणित आलु बिउको प्रयोगमार्फत आलु उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले तमानखोला गाउँपालिका वडा नं. ४ का आलु उत्पादक कृषकहरूलाई बेसिक-२ स्तरको आलु बिउ वितरण गरिएको छ।
- बालीमा रोग र किराको प्रकोप रोकथाम गरि तरकारी बालीको उत्पादन वृद्धि गर्न तमानमा तरकारी बालीमा बिउ उपचार विधि प्रदर्शन कार्यक्रम सञ्चालन गरिएको छ।
- साथै व्यवसायिक कृषि प्रवर्द्धनमा प्रोत्साहन गर्न वडा नं. २ र वडा नं. ६ का कृषक तथा कृषि संस्थाहरूलाई मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी तालिम सञ्चालन गरि आवश्यक बिउबिजन तथा अन्य कृषि सामग्री वितरण गरिएको छ।
- कृषकहरूको संस्थागत विकास तथा जैविक कृषि प्रविधिको प्रवर्द्धन गर्ने उद्देश्यले सेतरा, थास्पुरी, खुंखानी र रिक्लाङ क्षेत्रमा ४ वटा कृषक समूह गठन गरी समूहका ८८ सदस्यहरूलाई जैविक विषादी निर्माण, प्रयोग विधि तथा जैविक खेती प्रविधिबारे सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिएको छ।
- व्यवसायिक तरकारी उत्पादन विस्तार तथा प्रवर्द्धनका लागि सहयोग उपलब्ध गराउने उद्देश्यले व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत २ वटा व्यवसायिक कृषक तथा कृषि फर्महरूलाई तरकारी खेतीमा कुल लागतको ५० प्रतिशत अनुदान उपलब्ध गराइएको छ।

**महिला बालबालिका तथा समाजकल्याण शाखाः**

- महिला उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत वडा नं ०४ लाम्मेलाका १० जना महिलाहरुका लागि तरकारी खेती सम्बन्धी १ दिने तालिम सञ्चालन गरी निःशुल्क प्यालाष्टिक टनेल, टमाटर, मुला, बन्दागोपी, काउली र रायो मार्फाको विउ वितरण गरिएको, वडा नं ०५ मा १० जना महिलाहरुका लागि बुटिक बनाउने सम्बन्धि ३० दिने तालिम सञ्चालन गरि निःशुल्क बुटिक तान मेशिन र विभिन्न बुटिक सम्बन्धि सामग्री वितरण गरिएको र वडा नं ०६ मा १० जना महिलाहरुलाई सिलाइ कटाइ सम्बन्धी ३५ दिने तालिम सञ्चालन गरि ५ जनालाई निःशुल्क सिलाइ मेशिन र अन्य विभिन्न सामग्री वितरण गरिएको ।
- एकल महिला जिविकोपार्जन कार्यक्रम अन्तर्गत प्रत्येक वडाबाट ३/३ जनाका दरले १८ जना एकल महिलाहरुलाई १/१ वटा बाख्रा वितरण गरिएको ।

तमानखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
२०७३

- अपाङ्गता जिविकोपार्जन कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरूलाई आत्मनिर्भर बनाउने र अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक र सामाजिक जीवनस्तर सुधार गर्ने उदेश्यले 'ग' र 'घ' वर्गका अपाङ्गता भएका ५ जनालाई मुडा बनाउने सम्बन्धी १५ दिने तालिम सञ्चालन गरिएको।
- ज्येष्ठ नागरिक सहयोग तथा सम्मान कार्यक्रम अन्तर्गत ८५ वर्ष माथिका ज्येष्ठ नागरिकको घरदैलोमा गएर १०९ जनाको स्वास्थ्य परीक्षण गरी पौष्टिक आहार वितरण गरिएको,
- तमानखोला गाउँपालिकामा दर्ता भएका १३ वटा आमा समुहसंग महिला जनप्रतिनिधिहरुको सामग्री सहित भेटघाट कार्यक्रम सञ्चालन गरिएको ।
- तमानखोला गाउँपालिकाबाट हालसम्म ७६ ( क-१५, ख-४४ ग-७ र घ-१०) जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएकोमा यो आ.व. मा हालसम्म थप ६ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको,
- लैंगिक हिंसा विरुद्द सचेतना र जागरण बढाउने उदेश्यले लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियान भव्यताकासाथ मनाइएको
- दलित विकास समिति मार्फत जातिय विभेद विरुद्ध १ दिने प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको,
- आदिवासी जनजाति विकास समिति मार्फत जनजाति सशक्तिकरण तथा विकास सम्बन्धी १ दिने कार्यक्रम सञ्चालन गरिएको

<u>उद्यम विकास पर्यटन तथा सहकारी शाखाः</u>

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत लघु उद्यम विकास मोडेलमा आधारित नयाँ लघु उद्यमी सिर्जना तर्फ गाउँपालिका वडा नं.१ थ्रिबाङमा १६ जनाको सहभागीतामा १५ दिनको मुढा बनाउने तालिम र वडा नं. ५ थासपुरीमा २२ जनाको सहभागीतामा ३ दिनको मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी प्राविधिक सीप विकास तालिम सञ्चालन गरिएको ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमीको स्त्तरोन्नती (आवश्यक्ता पहिचानका आधारमा पुनर्ताजगी एड्भान्स सीप विकास तालिम) तर्फ वडा नं,२ खोलेस्बाङमा ५ जना पुराना लघु उद्यमीहरुको सहभागीतामा १ महिनाको एड्भान्स बुटिक तालिम सम्पन्न गरीयो र वडा नं. ३ तमानमा ५ सहभागीतामा ७ दिनको एड्भान्स झोला सिलाइ तालिम सम्पन्न गरिएको ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सम्भावीत नयाँ लघु उद्यमीतर्फ २२ जनालाई प्लाष्टिक टनेल, मिलिजुली लघु उद्यमी समुहलाई बाँस काट्ने मेसीन प्रविधि (८० % अनुदानमा) हस्तान्तरण गरिएको ।पुराना लघुउद्यमीतर्फ खुंखानी सिस्नु पाउडर

समुहलाई सिस्नु पाउडर बनाउने संग सम्बन्धित प्रविधि( ८० % अनुदानमा) हस्तान्तरण गरिएको ।

- परम्परागत आरन संचालक ६ जनालाई माग आधारित आवश्यक प्रविधि (शत प्रतिशन अनुदानमा) र परम्परागत टेलर व्यवसायी २ जनालाई आधुनिक जुकी सिलाई मेसिन (८०% अनुदानमा)हस्तान्तरण गरिएका ।
- तमानखोला गाउँपालिका भित्रका ३ वटा सहकारी संस्था लि. र सम्बन्धीत सरोकारवाला तथा कर्मचारी गरी जम्मा ४० जनाको सहभागीतामा सहकारी शिक्षा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।
- पत्रकार महासंघ बागलुङको टिम र स्थानीय सरोकारवालाहरुको सहभागीतामा तमानखोला गाउँपालिकाको पर्यटकीय, धार्मीक, ऐतिहासीक र सास्कृतिक स्थलगत अनुगमन तथा गोष्ठी कार्यक्रम सम्पन्न गरिएको ।
- तमानखोला गाउँपालिकाको पर्यटकीय, धार्मिक, ऐतिहासीक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको प्रचार प्रसार गर्ने उद्धेश्यले जिवन्त मिडिया प्रा. लि. बागलुङ मार्फत भिडीयो डकुमेन्ट्री निर्माण गरिएको ।
- उद्यमी तथा व्यवसायीलाई सहुलियत ब्याज अनुदान उपलब्ध गराउने गरी यस चालु आ.व २०८२/०८३ मा ३ वटा उद्यमी तथा व्यवसायीलाई सहुलियत ब्याज अनुदान कार्यक्रमको लागि प्रकृया अगाडी बढाइएको छ ।

**<u>रोजगार सेवा केन्द्रः</u>**

- आन्तरिक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु मध्ये १८ जना व्यक्तिहरुलाई २ दिने च्याउ उत्पादन सम्बन्धी तालिम सञ्चालन ,
- सूचिकृत भई वेरोजगार प्राथमिकरणमा परेका ८१ जना मध्ये ६ नं वडा का १५ जना श्रमिक सम्मान,२१ जना व्यक्तिको उपस्थितिमा रोजगार संवाद मञ्च सञ्चालन, ३५ जना व्यक्तिको श्रम स्विकृति गरिएको,
- राष्ट्रिय रोजगार कार्यक्रम अन्तरगतका १७ वटा योजना सम्पन्न भई भुक्तानी भएको,
- करार सेवामा कार्यरत कर्मचारीको लागि सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने मापदण्ड २०८२ स्विकृत गरी तमानखोला गाउँपालिकामा कार्यरत २८ जना कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिएको छ।

- मनोसामाजिक परामर्शकर्ता मार्फत समुदाय स्तरमा १८ स्थानमा करिब ५०० जनालाई सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण गरिएको । वैदेशिक रोजगारीबाट फर्किएका ६ वटै वडाका २० जनालाई वैदेशिक रोजगारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाः

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको प्रत्येक वडा कार्यालय र टोल टोलमा पुगी Biometric Verification गरिएको छ ।आ.व. २०८२।०८३ को पहिलो त्रैमासिकमा २१६३ जनालाई रु.१,८०,९३,१९८।, दोस्रो त्रैमासिकमा २१७१ जनालाई रु.१,८१,४५,२३७।,तेस्रो त्रैमासिकमा २१८३ जनालाई रु.१,८२,८५,४१०। र चोथो त्रैमासिकमा २१८२ जनालाई चौथोमा रु.१,८२,१४,४१६। गरि जम्मा रु. ७,२७,३८,२६१ रकम सामाजिक सुरक्षाभत्ता वितरण गरिएको छ।
- गाउँपालिकाका ६ वटै वडाबाट जन्म, मृत्यू, बसाइसराई, विवाह दर्ता र सम्बन्धबिच्छेद्का जम्मा ५५७ व्यक्तिगत घटना दर्ता भएका छन् । व्यक्तिगत घटनाका दर्ताका जम्मा प्रतिलिपि-४०४ प्रतिलिपि जारी गरिएको ।

## आय व्ययको विवरणः

आ.व. २०८२/०८३ मा तमानखोला गाउँपालिकाको स्रोतगत आय-व्ययको विवरण

| क्र.सं. | स्रोत | तह | आनुमानित आय | जम्मा भएको रकम रु. | खर्च रकम रु. |
|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | नेपाल सरकार | ७०४००००० .००  | ६४३८०८००.०० | ५६४८६३६३.०० |
| २ | समानिकरण अनुदान | प्रदेश सरकार | ७४८३०००.०० | ७४८३०००.०० | ६५९६८७३.०० |
| ३ | राजश्व बाँडफाँड | संघीय सरकार | ७८१२२५३२.०० | ७५९८१५४४.०४ | ५७४४२२०३.९१ |
| ४ | शसर्त अनुदान | संघीय सरकार | ११८०२००००.०० | ११७४४००००.०० | १०२२७२८१७.३२ |
| ५ | विशेष अनुदान | संघीय सरकार | ७५०००००.०० | ५६१११२०.०० | ५६१११२०.०० |
| ६ | समपुरक अनुदान | संघीय सरकार | ८००००००.०० | ५५११७७८.०० | ५५११७७८.०० |
| ७ | समपुरक अनुदान | प्रदेश सरकार | ६००००००.०० | ३००००००.०० | ३००००००.०० |
| ८ | विशेष अनुदान | प्रदेश सरकार | ३९९१०००.०० | २९७४०५४.०० | २९७४०५४.०० |
| ९ | राजश्व बाँडफाँड | प्रदेश सरकार | ६४०३०००.०० | ५५९१११६.७७ | ३९१०९२८.८८ |
| १० | आन्तरिक राजश्व | आन्तरिक | ३८०००००.०० | ३३४४०७८.७५ | ३३४४०७८.७५ |
| ११ | स्थानीय राजश्व बाँडफाँड | आन्तरिक | १०००००.०० | १५०५८५.९९ | ०.०० |
| १२ | गत वर्षको बैंक मौज्दात | आन्तरिक | ३७५९८५१९.५७ | ३७५९८५१९.५७ | २९४३७९४२.७५ |
| १३ | प्रदेश सरकार सशर्त अनुदान | प्रदेश सरकार | ४३०००००.०० | ४३०००००.०० | १८९९५००.०० |
| | **जम्मा** | | **३५१७१८०५१.५७** | **३३३३६६५९७.१२** | **२७८४८७६५९.६१** |

### क्षेत्रगत विनियोजित बजेट तथा खर्चको अवस्था

| क.सं. | क्षेत्र | विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १३२१२८५३.०० | ८२२७५००.०० | ६२.२६ | |
| २ | सामाजिक विकास | १७४४५४९१३.०० | १४३९०७४१६.८५ | ८२.४८ | |
| ३ | पूर्वाधार विकास | ९५९१५६००.०० | ६९६६६०८६.०० | ७२.६३ | |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १४२७४२९९.०० | ११६१०९८३.०० | ८१.३४ | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५३८६०३८६.५७ | ४५०७५६७३.७६ | ८३.६८ | |
| | जम्मा | ३५१७१८०५१.५७ | २७८४८७६५९.६१ | ७९.१७ | |

### खर्च प्रकृतिका आधारमा विनियोजित बजेट तथा खर्चको अवस्था

| क. सं. | खर्च प्रकार | विनियोजित वजेट | खर्च रकम रु. | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु | २३२८९५६५२ | १८७७९७८२९.११ | ८०.६३ | |
| २ | पुँजिगत | ११८८२२४०० | ९०६८९८३०.५० | ७६.३२ | |
| | जम्मा | ३५१७१८०५१.५७ | २७८४८७६५९.६१ | ७९.१७ | |

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पदः

<u>सूचना अधिकारीः</u>

| नाम थर | पद | श्रेणी/तह | सम्पर्क नं. |
|---|---|---|---|
| बिरेन्द्र बहादुर कठायत | प्रशासकीय अधिकृत | सातौं | ९८६८१८००६८ |

<u>प्रमुख प्रशासकीय अधिकृतः</u>

| नाम थर | पद | तह | सम्पर्क नं. |
|---|---|---|---|
| अमित परियार | शाखा अधिकृत | रा.प. तृतिय | ९८५७६७११११ |

## ११. ऐन/नियम/निर्देशिकाको सूचीः

तमानखोला गाउँपालिकाको स्थानीय ऐन, नयमावली, कार्यविधि, मापदण्ड, निर्देशिकाहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रवन्धहरुको विस्तृत सूची गाउँपालिकाको वेवसाइट मा ऐन, कानुन तथा कार्यविधि नामक होमपेजमा राखिएको छ ।

मितिः २०८३/०४/०६

**समाप्त**